मिति:२०८०।१।४ गते

म सुशिला रोकाया सिमकोट गाउँपालिकाको उपाध्यक्षको तर्फबाट सम्पुर्णमा नमस्कार छ ।

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पन्जीकरण विभाग सिंहदरबार काठमाडौंको निर्देशित परिपत्र अनुसार व्यक्तिगत घटना दर्ता सप्ताह २०८० को अभियानलाई सत प्रतिशत सफल पार्न हामीले यही बैसाख १ गते देखि ७ गते सम्म मनाउदै गरेको यहाँहरुमाझ सहर्ष जानकारी गराउँदछु। समयै सबैको पहुँच विस्तार गर्न सन्देश र सुचनामुलक जानकारी नागरिकहरु समक्ष पुर्याएर सुशुचित गराउनु का साथै राज्यबाट प्रवाहहुने सामाजिक सुरक्षा कार्यक्रमको नगदप्रवाहमा कोहि नछुटुन् र नदोहोरिउन भन्ने मूल उदेश्य रहेको सिमकोट गाउँपालिकाको तर्फबाट सरोकारवाल सम्पूर्णमा यसै मिडिया मार्फत अनुरोध गराउन चाहन्छु ।

**व्यक्तिगत घटना दर्ता भन्नाले :** व्यक्तिको जिवनमा घटेका जन्म, मृत्यु, विवाह, बसाईंसराई र सम्बन्ध विच्छेद जस्ता घटनाहरु सम्बन्धित वडाका स्थानीय पन्जीकाधिकारी कहाँ गई घटनाको सत्य तथ्य तथा साँचो सुचना उपलब्ध गराउने र प्रमाणपत्र लिने कार्यलाई व्यक्तिगत घटना दर्ता भनिन्छ ।

हाम्रो गाउँपालिकाका वडा नं १ देखि ८ सम्मका सम्पूर्ण वालावलिकाहरुले आफ्नो वडा कार्यालमा गई व्यक्तिगत घटना दर्ता अनलाईन प्रणालीमा अनिवार्य रुपमा घटना घटेको ३५ दिन अगावै जन्मदर्ता गराई सामाजिक सुरक्षा अन्तरगतको वालपोषण भत्ता प्राप्त गर्नबाट वन्चित नहोस र सम्विधानले व्यववथा गरे बमोजिम वालवालिकाको मौलिक हक हो यसमा सवै सुशुचितहुन जरुरी छ ।

समग्रमा भन्न चाहन्छु कि व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाहहुने सेवा प्राप्तीको लागि जन्म, मृत्यु, विवाह, वसाइसराइ र सम्बन्ध विच्छेद जस्ता पाँचै प्रकारका घटेको ३५ दिन भित्रै आफ्नो वडा कार्यालयमा गई दर्ता गरौं र गराऔं र पन्ध्रौं पञ्चवर्षिय योजनाको लक्ष्यलाई पूरा गर्न र सन् २०२४ सम्म घटना दर्ता दर शत प्रतिशत पुर्याउन सहयोग रहोस भन्न् पनि चाहन्छु ।

अव जन्म दर्ता किन गर्ने भन्ने सवालमा ?

वालबालिकालाई स्कुल भर्ना गर्न, नावालक परिचयपत्र बनाउन, बैंक खाता खोल्न, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न अनि नागरिकता र पास्पोर्ट वनाउन

**सामाजिक सुरक्षाको सवालमा पनि**

यस गाउँपालिका भरि स्थायी रुपमा बसोबास गर्दै आईरहेका जन्मे देखि ५ वर्ष उमेर भित्रका प्रत्येक वालवालिकाहरु, विधवा महिलाहरु, पूर्ण र अतिअसक्त अपाङ्गहरु, लोपोन्मुख जातीका जुनसुकै उमेर

समुहका, र ६० वर्ष उमेर पुगेका यस गाउँपालिकाका नेपाली नागरिकहरुहको हकमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य रहने र केहि कारणवस छुटेको एकिन भए तुरुन्तै आफु स्थायी रुपमा बसोवास गर्दै आईरहेको वडा कार्यालयमा गई आवस्यक कागजात सहित स्वयमं वा माथवरले निवेदन दिई विवरण MIS प्रणालीमा प्रविस्टि गर्नहुन र साङ्गंरग्रीला विकास बैंक सिमकोट शाखामा गई सामाजिक सुरक्षा खाता खोलिदिन हुन अनुरोध छ ।

अन्तमा

**"प्रविधिमैत्री, सुशासित र सुदृढ सेवा प्रवाह नेपालको सान, बहुउपयोगी राष्ट्रिय परिचयपत्र हाम्रो पहिचान भन्ने मूल राष्ट्रि नारा रहेको पनि यसै आवाजमार्फत जानकारी गराउदै ।**

**आधुनिक सूचना प्रविधिमा आधारित राष्ट्रिय परिचयपत्र एवं घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणालीको अवलम्वन गरि समृद नेपाल सुखि नेपाली अभियानमा सहयोग पुर्याउ भन्दै विदा हुनचाहन्छु ।**

धन्यवाद ।

२०८०/१/१८

शुसिला शोकाया
उपाध्यक्ष